## लुम्बिनी साँस्कृतिक नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ३ संख्या: २ मिति: २०७७।१०।२५

भाग-२

# लुम्बिनी साँस्कृतिक नगरपालिकाको राष्ट्रिय/अन्तराराष्ट्रिय समन्वय कार्य व्यवस्थापन तथा सञ्चालन कार्यविधी

लुम्बिनी साँस्कृतिक राजपत्र

२०७७

लुम्बिनी साँस्कृतिक नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः २ मितिः २०७७।१०।२५

भाग–२

## लुम्बिनी साँस्कृतिक नगरपालिका

**लुम्बिनी, रुपन्देही**

**लुम्बिनी प्रदेश, नेपाल**

# लुम्बिनी साँस्कृतिक नगरपालिकाको राष्ट्रिय/अन्तराराष्ट्रिय समन्वय कार्य व्यवस्थापन तथा सञ्चालन कार्यविधी, २०७७

स्थानिय सरकार सन्चालन ऐन २०७४ को दफा १०२ उपदफा (१) बमोजिम लुम्बिनी साँस्कृतिक नगरपालिका नगर कार्यपालिका एवम् नगर सभाबाट पारित गरि सर्वसाधारणको जानकारीका लागि कार्यविधि प्रकाशित गरिएको छ।

स्वीकृत मितिः २०७७/१०/२५

**प्रस्तावना :** लुम्बिनी र नेपाललाई भगवान बुद्धको पवित्र जन्मभुमी एवं सर्वोच्च शिखर सगरमाथाको देश भनेर विश्व सामु चिनाउने, बुद्धको शान्ति सन्देश विश्वभर फैलाउने, लुम्बिनी साँस्कृतिक नगरपालिका तथा बुद्ध सँग सम्बन्धित अन्य पालिकहरुको पर्यटन प्रर्वद्धन, सामाजिक, साँस्कृतिक एवम् शैक्षिक, कृषि, स्वास्थ्य, शिक्षा र खेलकुद लगायतका क्षेत्रको विकासका लागि अन्तरराष्ट्रिय सहयोग र अनुभवको आदान प्रदान गर्न र राष्ट्रिय अन्तराष्ट्रिय लगानी मैत्री वातावरण तयार गरी लुम्बिनी क्षेत्रको एकीकृत विकासका लागि राष्ट्रिय अन्तराष्ट्रिय सहयोग प्राप्तीका लागि सम्बन्ध विस्तार गर्ने, लुम्बिनी गार्डेन फाउण्डेसन स्पेन द्वारा स्पेनको एक्स्त्रेमादुरा प्रदेशको केसेरेस नगरपालिका (Caceres City Council) मा निर्माण हुन

लुम्बिनी साँस्कृतिक राजपत्र

लागेको लुम्बिनी गार्डेन निर्माण परियोजना एवं लुम्बिनी गार्डेनमा लुम्बिनी सुचना केन्द्र स्थापना र संञ्चालनमा समन्वय सहकार्य गरी कार्यान्वयन गर्ने अभिप्रायले लुम्बिनी सँस्कृतिक नगरपालिका नगरकार्यपालिकाले “लुम्बिनी साँस्कृतिक नगरपालिकाको राष्ट्रिय/अन्तरराष्ट्रिय समन्वय कार्य व्यवस्थापन तथा सञ्चालन गर्ने कार्यविधी २०७७” जारी गरेको छ ।

## परिच्छेद - १

**(१) संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधीको नाम “लुम्बिनी साँस्कृतिक नगरपालिकाको राष्ट्रिय/अन्तरराष्ट्रिय समन्वय कार्य व्यवस्थापन तथा सञ्चालन गर्ने कार्यविधी २०७७” रहेको छ ।

(२) यो कार्यविधी नगरकार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

**(२) परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

क) “कार्यविधि” भन्नाले “लुम्बिनी साँस्कृतिक नगरपालिकाको राष्ट्रिय/अन्तरराष्ट्रिय समन्वय कार्य व्यवस्थापन तथा सञ्चालन गर्ने कार्यविधी २०७७” सम्झनु पर्दछ ।

ख) “कार्यपालिका” भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिका नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) “नगरपालिका” भन्नाले लुम्बिनी साँस्कृति नगरपालिकालाई सम्झनु पर्दछ ।

घ) “संविधान” भन्नाले नेपालको संविधानलई सम्झनु पर्दछ ।

ङ) “सहकार्य र सह-सम्बन्ध कायम संस्था” भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिका र लुम्बिनी एवम् नेपालको विकासमा सहयोग गरिरहेका र भविष्यमा नगरपालिकासँग संस्थागत संम्बन्ध कायम हुने सरकारी तथा गैरसरकारी संघ संस्थालाई सम्झनु पर्दछ ।

च) “भगिनी सम्बन्ध र सह-सम्बन्ध कायम पालिका वा सिटी” भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकासँग भगिनी सम्बन्ध र सह-सम्बन्ध कायम भएका र भविष्यमा सम्बन्ध र सह-सम्बन्ध कायम हुने राष्ट्रिय र अन्तराष्ट्रिय पालिका/सिटीलाई सम्झनु पर्दछ ।

छ) “समन्वय शाखा” भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिका नगर कार्यपालिकको कार्यालयमा स्थापित राष्ट्रिय/अन्तरराष्ट्रिय समन्वय शाखालाई सम्झनु पर्दछ ।

ज) "समन्वय अधिकृत" भन्नाले समन्वय शाखामा कार्यरत समन्वय अधिकृतलाई सम्झनु पर्दछ ।

झ) "शाखा प्रमुख" भन्नाले समन्यव शाखाको प्रमुखलाई सम्झनु पर्दछ ।

ञ) "सहकार्य र सह-सम्बन्ध कायम संस्थाका पदाधिकारी" भन्नाले बुद्ध लुम्बिनी ग्रुप, लुम्बिनी गार्डेन फाउण्डेसन नेपाल/स्पेन र भविष्यमा नगरपालिका सँग संस्थागत संम्बन्ध कायम हुने सरकारी तथा गैरसरकारी संघ संस्थाका पदाधिकारीहरुलाई सम्झनु पर्दछ ।

ट) "सहकार्य पालिका/सिटी" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिका र लुम्बिनी गार्डेन फाउण्डेसन नेपाल र स्पेन सँग संस्थागत सह-सम्बन्ध कायम भएका र भविष्यमा संस्थागत सम्बन्ध कायम हुने राष्ट्रिय अन्तराष्ट्रिय पालिका/सिटीहरु सम्झनु पर्दछ ।

## परिच्छेद –२
## सहकार्य र समन्वयको पृष्ठभूमि र सम्बन्ध सञ्जाल स्थापना

**(३) सहकार्य र समन्वयमा भएका प्रयासलाई संस्थागत गरिने**

(१) नेपाल र स्पेनको कुटनैतिक सम्बन्ध मजबुत गराउन, नेपाल भ्रमण वर्ष सफल पार्न साथै नेपालको पर्यटन, स्वास्थ्य, कृषि, साँस्कृतिक, शिक्षा, खेलकुद, फोहोर व्यवस्थापन लगायतका क्षेत्रहरुमा सहयोग र अनुभवको आदान प्रदान गर्न यूरोपको सम्पन्न र समृद्ध देश स्पेन सँग सहकार्य गरेर अगाडि बढ्न एवं आपसी सम्बन्ध विस्तारमा स्पेनमा रहेका लुम्बिनी गार्डेन फाउन्डेसन, बुद्ध लुम्बिनी ग्रुप र एनआरएनए ले पहल, प्रयास र सहयोग गरी रहेका छन । आपसी सहकार्यको यस प्रसायलाई प्रोत्साहन र बिस्तार गर्दै लगिनेछ ।

(२) यसै क्रममा यस लुम्बिनी साँस्कृतिक नगरपालिकासँग स्पेनका म्याड्रिड महानगरपालिका, केसेरेस नगरपालिका (Caceres City Council), चिनको लसान सिटी, भारतको बोधगया, नेपालको भरतपुर महानगरपालिका चितवन र कुस्मा नगरपालिका पर्वत बीच सह सम्बन्ध/भगिनी सम्बन्ध स्थापना भई सकेको छ। यी सम्बन्धहरूलाई दिगो र संस्थागत बनाई विस्तार गर्न पहल गरिनेछ। लुम्बिनी साँस्कृतिक नगरपालिकासँग संस्थागत तथा भगिनी सम्बन्ध स्थापित भएका संस्था एवम् पालिका/सिटीहरूको विवरण अनुसूचि-१ मा दिइएको छ ।

### (४) सम्बन्ध विस्तारको कार्यलाई प्राथमिकतामा राखिनेः

(१) सहयोग र सहकार्यको आधारशिला नै आपसी परिचय, अनुभव आदान प्रदान रहेको र लुम्बिनी साँस्कृतिक नगरपालिका राष्ट्रलाई नै विश्व समुदायमा चिनाउने नगरपालिका भएको हुदाँ राष्ट्रिय र अन्तरराष्ट्रिय सम्बन्ध विस्तारको नीति र रणनीतिलाई प्राथमिकतामा राखी विस्तार गरिनेछ ।

## परिच्छेद - ३

## सहकार्य र समन्वयको निरन्तरता र उद्देश्य

### (५) सहकार्य र समन्वयलाई निरन्तरता दिइनेः

(१) यस लुम्बिनी संस्कृतिक नगरपालिको नेतृत्वमा भगवान गौतम बुद्ध सँग सम्बन्धित एवं लुम्बिनी वरिपरिका पालिकाहरु र स्पेनमा रहेको लुम्बिनी गार्डेन फाउन्डेसन बिच संस्थागत रुपमा सम्बन्ध स्थापना भएको छ । आगामी दिनमा यस कार्यको निरन्तरता रहनेछ ।

(२) स्थापित सम्बन्धबाट पालिकहरुको लागी आर्थिक प्राविधिक सहयोग र अनुभव आदान प्रदानमा सहयोग पुग्नेछ । लुम्बिनी गार्डेन फाउन्डेसन नेपाल र स्पेनले नेपाल र लुम्बिनीको समग्र विकासका लागि राष्ट्रिय र अन्तराष्ट्रिय सहयोग र अनुभवको आदान प्रदानका लागि पहल र प्रयास गरिनेछ ।

(३) यसै गरी अन्य अन्तरराष्ट्रिय संस्थाहरूसँगको सम्बन्ध विस्तारबाट समग्र लुम्बिनी क्षेत्र र विषेश गरी लुम्बिनी साँस्कृतिक नगरपालिका र बुद्धसँग सम्बन्धित पालिकाहरूको एकीकृत विकासमा सहयोग पुग्ने गरी सहयोगको आदानप्रदान गरिनेछ ।

### (६) सहकार्य र समन्वयको उद्देश्य :

लुम्बिनी साँस्कृतिक नगरपालिका र अन्य राष्ट्रिय/अन्तरराष्ट्रिय संस्था/पालिका/सिटीहरूसँग सहकार्य र सम्बन्ध स्थापना गर्ने प्रमुख उद्देश्यहरू देहायबमोजिम रहेका छनः

(क) लुम्बिनी र नेपाललाई विश्वसामु राष्ट्रिय, अन्तराष्ट्रिय स्तरमा विश्व शान्ति दुत भगवान गौतम बुद्ध जन्म स्थल र सगरमाथाको देश भनेर चिनाउन सो अनुसारका कार्यक्रम संञ्चालन, समन्वय र सहकार्य गर्ने ।

ख) राष्ट्रिय र अन्तराष्ट्रिय संस्थागत सम्बन्ध विस्तार गर्ने ।

ग) राष्ट्रिय र अन्तरराष्ट्रिय सहयोग र अनुभव आदान प्रदान गर्ने ।

घ) नेपालमा अधिकतम पर्यटक भित्र्याएर नेपाल र विशेषगरी लुम्बिनीलाई आन्तरिक र बाह्य पर्यटकको गन्तब्य स्थलको रूपमा विकास गर्ने ।

ङ) संसारभरि नै बौद्ध धर्म र दर्शनको महत्व बढ्दै गएको हुँदा भगवान बुद्धले दिनु भएको शान्ति, अहिंसा, परोपकार, सदाचार, अपरिग्रह र्निमोह जस्ता सदगुण मानवहरुको मात्राको लागि महत्वपूर्ण रहेको कुरालाई मार्गदर्शकको रुपमा विश्व मानव जगतमा स्थापित गर्ने र यस्तो विचार र मान्यताको अनुयायीहरू बृद्धि गर्न सहयोग पुऱ्याउने ।

च) भगवान गौतम बुद्धको मार्ग दर्शन र शान्ती मार्गचित्र पालनाले मात्र अहिले संसार भरि नै व्यापक रहेको, आर्थिक, सामाजिक, धार्मिक, राजनैतिक समस्या समाधान हुन सक्छ भन्ने मार्ग दर्शनलाई प्रचार प्रसार गर्ने र शान्ती प्राप्त गर्नको लागि भगवान गौतम बुद्ध जन्म स्थल पुगी भगवान गौतम बुद्धको दर्शन र मेडिटेसन अभ्यासका लागि सर्वसाधारणलाई उत्प्रेरित गर्नको लागि प्रचार प्रसार गर्ने ।

छ) शान्तीका लागि भगवान गौतम बुद्ध जन्मस्थल लुम्बिनी र बुद्ध सँग सम्बन्धित क्षेत्र तिलौराकोट घर, देवदह मावली, र रामग्राम अष्टधातु रहेको स्थान महत्वलाई अन्तरराष्ट्रिय स्तरमा जानकारी गराउने ।

ज) बुद्ध जन्मस्थल लुम्बिनीको महत्व र बुद्ध सँग सम्बन्धित क्षेत्रको प्रचार प्रसार, लुम्बिनी र नेपाललाई अन्तराष्ट्रिय स्तरमा विश्व शान्ति दुत भगवान गौतम बुद्ध जन्मस्थल तथा सगरमाथाको देश भनेर चिनाउन, नेपाल र लुम्बिनी तथा लुम्बिनी वरिपरिका पालिकाको पर्यटन र आर्थिक विकासमा अन्तरराष्ट्रिय सहयोग र अनुभवको आदानप्रदान गर्न स्पेनको एक्स्त्रेमादुरा प्रदेश स्थित केसेरेस नगरपालिका (Caceres City Council) मा लुम्बिनी गार्डेन फाउण्डेसन स्पेन द्धारा निर्माण हुन लागेको लुम्बिनी गार्डेन निर्माणका कार्य सफलतापुर्वक सम्पन्न गर्न नेपालको तर्फबाट आवश्यक सहयोग जुटाउने।

झ) स्पेनको लुम्बिनी गार्डेनमा लुम्बिनी सूचना केन्द्र स्थापना गरी बुद्ध जन्मस्थल लुम्बिनीको महत्व र बुद्ध सँग सम्बन्धित क्षेत्र तथा पर्यटक स्थलको प्रचार प्रसार गरी पर्यटनको विकास गर्ने ।

ञ) लुम्बिनी साँस्कृतिक नगरपालिका सँग संस्थागत सम्बन्ध कायम भएका बुद्ध लुम्बिनी ग्रुप र लुम्बिनी गार्डेन फाउन्डेसन नेपाल र स्पेन, म्याड्रिड महानगरपालिका, केसेरेस नगरपालिका (Caceres City Council) स्पेन र भगिनी सम्बन्ध र सह-सम्बन्ध कायम भएका र भविष्यमा संस्थागत संम्बन्ध कायम हुने सरकारी तथा गैरसरकारी संघ

संस्थाका बिच सुमधुर सम्बन्ध कायम गर्ने, सम्बन्धलाई संस्थागत गर्ने, समन्वय र सहकार्य गर्ने ।

## परिच्छेद - ४

## समन्वय शाखाको स्थापना, स्रोत व्यवस्थापन र सेवाका शर्तहरू

### (७) समन्वय शाखाको स्थापनाः

(१) परिच्छेद-३ मा उल्लेखित उद्देश्यहरूलाई कार्यरूपमा उतार्नको लागि लुम्बिनी साँस्कृतिक नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा एक “राष्ट्रिय/अन्तरराष्ट्रिय समन्वय शाखा” स्थापना गरिनेछ ।

(२) मिति २०७५/९/३० को नगरकार्यपालिका बैठकको निर्णय अनुसार स्थापित लुम्बिनी म्याड्रीड सचिवालय र यसका क्रियाकलापहरू यसै शाखा मार्फत् व्यवस्थित र सञ्चालन हुनेछन् ।

### (८) जनशक्ति एवम् स्रोत व्यवस्थापनः

(१) समन्वय शाखामा काम गर्नको लागि नगरपालिकाले एक जना छैठौं/सातौं तहको वा सो भन्दा माथिको अधिकृत स्तरको कर्मचारी शाखा प्रमुख र एक जना समन्वय अधिकृत को व्यवस्था गर्नेछ।

(२) समन्वय शाखामा आवश्यकतानुसार अन्य प्राविधिक एवम् व्यवस्थापकीय कर्मचारीहरू समेत रहनेछन् ।

(३) शाखा प्रमुखलाई कार्यपालिकाले प्रचलित कानुन बमोजिम नियुक्त गर्नेछ । सो व्यवस्था नभएसम्मका लागि कार्यपालिकाले कार्यरत कर्मचारीहरू मध्येबाट तोकिएको कार्यविवरण बमोजिम कार्य सम्पादन गर्न आवश्यक योग्यता र सक्षमता भएका कर्मचारीहरूमध्ये बाट पदअनुसारको कार्य जिम्मेवारी, सेवाका शर्त र सुविधा तोकी काममा लगाउन सक्नेछ ।

(४) समन्वय अधिकृत र अन्य कर्मचारीहरूलाई कार्यपालिकाले प्रचलित कानुन बमोजिम करारमा नियुक्त गर्नेछ । सो व्यवस्था नभएसम्मका लागि कार्यपालिकाले कार्यरत कर्मचारीहरू मध्येबाट तोकिएको कार्यविवरण बमोजिम कार्य सम्पादन गर्न आवश्यक योग्यता र सक्षमता भएका कर्मचारीहरूमध्ये बाट पदअनुसारको कार्य जिम्मेवारी तोक्न सक्नेछ वा कार्यपालिकाको निर्णय अनुसार आवश्यक योग्यता र सक्षमता पुरा गरेका बाह्य विज्ञहरूबाट परामर्श सेवा मार्फत् काम गराउन सकिनेछ।

(५) उपदफा (४) मा जेसुकै लेखिएको भए तापनि नगर कार्यपालिकाको

लुम्बिनी साँस्कृतिक राजपत्र

मिति २०७५/९/३० को निर्णयअनुसार हाल कार्यरत समन्वय अधिकृतको सेवालाई निरन्तरता दिईनेछ । निज कार्य जिम्मेवारीबाट अलग भई पद रिक्त भएको अवस्थामा उपदफा (४) बमोजिम पदपुर्ति गरिनेछ ।

(६) समन्यव शाखामा नियुक्त शाखा प्रमुख, समन्वय अधिकृत एवम् अन्य प्राविधिक कर्मचारी र पदाधिकारीको सेवाका शर्त र सुविधा नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(७) समन्यव शाखाको लागी आवश्यक पर्ने भौतिक सामाग्री र सुविधाहरू जस्तै कार्यालय कोठा, फर्निचर, कम्प्युटर, इन्टरनेट आदिको व्यवस्थापन तथा आर्थिक स्रोत र बजेटको व्यवस्था नगरकार्यपालिकाको कार्यालयबाट एवम् सम्बन्धित संस्थासँगको परामर्श र सहकार्यमा व्यवस्थापन गरिनेछ ।

## परिच्छेद - ५

## शाखा प्रमुख र समन्वय अधिकृतको काम, कर्त्वव्य र अधिकार

### (९) शाखा प्रमुखको काम, कर्तब्य र अधिकारः

समन्यव शाखा को कार्य व्यवस्थित र प्रभावकारी रुपमा संञ्चालनका लागी नेतृत्वदायी भूमिका निर्वाह गर्नको लागि यस शाखामा रहने शाखा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछनः

क) लुम्बिनी साँस्कृतिक नगरपालिका र राष्ट्रिय, अन्तराष्ट्रिय सरकारी गैरसरकारी संघ संस्था बीच सम्बन्ध कायम भएका र भविष्यमा हुने सहमती सम्झौता कार्यान्वयन र संञ्चालन हुने परियोजना र कार्यक्रम कार्यान्वयन गर्ने।

ख) लुम्बिनी साँस्कृतिक नगरपालिका र राष्ट्रिय/अन्तराष्ट्रिय पालिका बीचको सम्बन्धलाई संस्थागत, दिगो र सुमधुर बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

ग) लुम्बिनी साँस्कृतिक नगरपालिकको राष्ट्रिय, अन्तराष्ट्रिय सम्बन्धलाई संस्थागत गर्ने सोका लागी सहयोगी व्यक्ति र संघ संस्था सँग समन्वय गर्ने ।

घ) लुम्बिनी साँस्कृतिक नगरपालिका सँग संस्थागत संम्बन्ध कायम भएका एवम् भविष्यमा सम्बन्ध कायम हुन सक्ने राष्ट्रिय/अन्तराष्ट्रिय सरकारी गैरसरकारी संघ संस्थाबाट लुम्बिनीको शिक्षा, स्वास्थ्य, कृषि, पर्यटनको विकासमा प्राप्त हुन सक्ने सहयोग र सहकार्यका क्षेत्र

लुम्बिनी सांस्कृतिक राजपत्र

पहिचान गरी आर्थिक प्राविधिक सहयोगको योजना/परियोजना निर्माण गर्ने, कार्यान्वयन योजना तयार गर्ने र कार्यान्वयनका लागि समन्वय र सहजीकरण गर्ने ।

ङ) समन्यव शाखामा संञ्चालित कार्यक्रमको प्रतिवेदन तयार गरी नगरपालिका र सम्बन्धित संस्थामा पेस गर्ने ।

च) नगर प्रमुख, प्रमुख प्रशासकिय अधिकृतको मातहत एवं निर्देशन अन्तर्गत रही तोकेका अन्य कार्यहरू गर्ने ।

## १०. समन्वय अधिकृतको काम, कर्तव्य र अधिकारः

समन्वय शाखामा रहने समन्वय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछनः

क) लुम्बिनी साँस्कृतिक नगरपालिका र अन्य राष्ट्रिय/अन्तराष्ट्रिय सरकारी/गैरसरकारी संघ संस्था बीच भएका र भविष्यमा हुने सहमती सम्झौता कार्यान्वयन र संञ्चालन हुने परियोजना र कार्यक्रम कार्यान्वयन गर्ने।

ख) लुम्बिनी साँस्कृतिक नगरपालिका र अन्य राष्ट्रिय, अन्तराष्ट्रिय पालिका बिचको सम्बन्धलाई संस्थागत, दिगो र सुमधुर कायम गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने ।

ग) लुम्बिनी साँस्कृतिक नगरपालिका र अन्य राष्ट्रिय, अन्तराष्ट्रिय संस्थासँग भएको सम्झौता बमोजिमको निति, नियम र निर्देशनमा रही कार्य गर्ने ।

घ) लुम्बिनी गार्डेन फाउण्डेसन स्पेन द्वारा लुम्बिनी साँस्कृतिक नगरपालिकाको समन्वय र सहकार्यमा निर्माण हुन लागेको लुम्बिनी गार्डेन परियोजना सफलतापूर्वक सम्पन्न गर्न लुम्बिनीबाट आवश्यक सहयोग गर्ने ।

ङ) केसेरेस नगरपालिका (Caceres City Council) को लुम्बिनी गार्डेनमा लुम्बिनी सूचना केन्द्र स्थापना गरी बुद्ध जन्मस्थल लुम्बिनीको महत्व र बुद्ध सँग सम्बन्धित क्षेत्र तथा पर्यटक स्थलको प्रचार प्रसार गरी लुम्बिनीको पर्यटन लगायतका क्षेत्रको विकास गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने ।

च) आपसी सहयोगका क्षेत्रहरू पहिचान गरी सहकार्य र सहयोगको कार्य ढाँचा निर्माण गर्ने ।

छ) नगर प्रमुख, प्रमुख प्रशासकिय अधिकृतको मातहत एवं निर्देशन र

शाखा प्रमुखको समन्वय र सहकार्यमा रही कार्य गर्ने ।

## परिच्छेद - ६

## समितिहरु एवम् प्रतिनिधी सम्बन्धी व्यवस्था

### ११. कार्यसम्पादन समितिको व्यवस्थाः

(१) समन्यव शाखा को कार्यलाई सहयोग एवम् अनुगमन मुल्याङ्कन गर्न देहाय बमोजिम एक व्यवस्थापन एवं कार्य सम्पादन समिती रहनेछः

| | | |
|---|---|---|
| क) | नगर प्रमुख | - संयोजक |
| ख) | वडा अध्यक्ष (नगर प्रमुखले तोकेको) | - सदस्य |
| ग) | प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| घ) | पर्यटन विज्ञ (नगर प्रमुखले तोकेको) | - सदस्य |
| ङ) | अन्तराष्ट्रिय विज्ञ (नगर प्रमुखले तोकेको) | - सदस्य |
| च) | समन्वय अधिकृत | - सदस्य |
| छ) | शाखा प्रमुख | - सदस्य सचिव |

(२) कार्य सम्पादन समितिका पदाधिकारी एवम् विज्ञको सेवा सुविधा कामको आधारमा नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

### १२. सल्लाहकार समितिको व्यवस्थाः

(१) समन्यव शाखा लाई प्रभावकारी बनाई उद्धेश्य अनुसारका कार्य गर्न राष्ट्रिय/अन्तरराष्ट्रिय अनुभव र दक्षता हासिल प्राप्त महानुभाव रहेको निम्न बमोजिम सल्लाहकार समिति गठन गरिनेछ। सल्लाहाकार समितिको काम, कर्तव्य, र अधिकार एवम् सेवा सुविधाहरू कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) सल्लाहकार समितिका संयोजक र सदस्यहरू नगर प्रमुखले मनोनित वा तोके बमोजिम हुनेछन ।

संयोजकः
सदस्यः
सदस्यः
सदस्यः
सदस्यः

### १३. प्रतिनिधी तोक्न सक्नेः

अन्तराष्ट्रिय स्तरमा सम्बन्ध विस्तार, आर्थिक, प्रविधिक सहयोग प्राप्ती र अनुभवको आदानप्रदानमा सहजिकरण र समन्वय गर्न एवं लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रतिनिधिको रुपमा अन्तराष्ट्रिय क्षेत्रमा काम गर्न

सो क्षेत्रमा अनुभव र दक्षता हासिल गरेका महानुभावलाई कार्यपालिका वा नगर प्रमुखले अन्तराष्ट्रिय प्रतिनिधि तोक्न सक्नेछ/सक्नु हुनेछ ।

## १४. शंसोधन वा खारेज गर्न सकिनेः

यो कार्यविधीमा लेखिएको कुनै दफा उपदफाहरू खारेज वा शंसोधन गर्नु परेमा कार्यपालिका बैठकको निर्णयबाट खारेज वा शंसोधन हुनेछ ।

## १५. बाधा अड्काउ फुकाउने अधिकारः

यस कार्यविधीको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले उक्त बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधीमा परे सरह मानिनेछ ।

## १६. बचाउ र लागु नहुने

(१) यस कार्यविधीमा लेखिएजति कुरामा सोही बमोजिम हुने र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस कार्यविधीमा लेखिएका दफा तथा उपदफाहरू संघीय ऐन र प्रादेशिक ऐनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन् ।

(३) नगरपालिकाबाट राष्ट्रिय/अन्तरराष्ट्रिय सम्बन्ध, सहकार्य र समन्वय सम्बन्धी यस अघि भए गरिएका कार्यहरू यसै कार्यविधी बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूचि १

## लुम्बिनी साँस्कृतिक नगरपालिका सँग संस्थागत सम्बन्ध स्थापित भएका संस्था एवम् पालिका/सिटीहरू

१) लुम्बिनी साँस्कृतिक नगरपालिका सँग सह-सम्बन्ध तथा भगिनी सम्बन्ध स्थापित भएका पालिका तथा सिटीहरूः

(१) राष्ट्रिय स्तरका पालिकाहरूः

क) भरतपुर महानगरपालिका चितवन

ख) कुस्मा नगरपालिका पर्वत

(२) अन्तराष्ट्रिय स्तरका पालिका/सिटीहरूः

क) भारत बोधगया, भगिनी सम्बन्ध

ख) स्पेन केसेरेस नगरपालिका (Caceres City Council), भगिनी सम्बन्ध

ग) स्पेन म्याड्रिड महानगरपालिका, सह-सम्बन्ध

घ) चिन लशान सिटी, सह-सम्बन्ध

२) लुम्बिनी साँस्कृतिक नगरपालिका सँग संस्थागत सम्बन्ध कायम भएका संस्थाहरुः

क) बुद्ध लुम्बिनी ग्रुप नेपाल र स्पेन

ख) लुम्बिनी गार्डेन फाउण्डेसन नेपाल र स्पेन

ग) अन्तरराष्ट्रिय बौद्ध संस्था चुजी फाउन्डेसन

३) लुम्बिनी साँस्कृतिक नगरपालिकाको पहल र नेतृत्वमा लुम्बिनी गार्डेन फाउण्डेसन स्पेन सँग सह-सम्बन्ध कायम भएका पालिकाहरुः

क) रुपन्देही जिल्ला

१. देवदह नगरपालिका र लुम्बिनी गार्डेन फाउण्डेसन स्पेन

२. मायादेवी गाँउपालिका र लुम्बिनी गार्डेन फाउण्डेसन स्पेन

३. गैडहवा गाँउपालिका र लुम्बिनी गार्डेन फाउण्डेसन स्पेन

ख) कपिलबस्तु जिल्ला

१. कपिलबस्तु नगरपालिका र लुम्बिनी गार्डेन फाउण्डेसन स्पेन

२. बुद्ध भूमी नगरपालिका र लुम्बिनी गार्डेन फाउण्डेसन स्पेन

३. शुद्धोधन गाँउपालिका र लुम्बिनी गार्डेन फाउण्डेसन स्पेन

ग) नवलपरासी जिल्ला

१. रामग्राम नगरपालिका र लुम्बिनी गार्डेन फाउन्डेसन स्पेन

लुम्बिनी साँस्कृतिक राजपत्र

आज्ञाले

शिव प्रसाद रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सगरमाथा

देवदह

तिलौराकोट दरबार

मायादेवी मन्दिर

रामग्राम स्तुप